☎९७४१३३९२०३(नगर प्रमुख)
९८६८३३९२०४(नगर उप प्रमुख)
९७४९०३४२६१(प्र.प्र.अ.)

त्रिवेणी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश नेपाल

प.सं. : २०७६/०७७
च.न. ४५

## प्राविधिक सहायक (पाँचौ) करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना।
## (प्रथम पटक प्रकाशित मिति २०७७/०४/२३)

उपरोक्त सम्वन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. ०७७/७८ च नं २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागी आवश्यक प्राविधिक सहायक पदका लागी निम्न वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग भए वमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७७/७८ | प्राविधिक सहायक | पाँचौ | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:-
   (क) योग्यता: सिभिल ईन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   (ख) अनुभव र सीप:- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:-
   - कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतका लागी आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धि सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

   (ग) उमेर:- कम्तिमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. दरखास्त दिने स्थान: त्रिवेणी नगर कार्यपालिकाको कार्यालय (प्रशासन शाखा) तोली वाजुरा
३. दरखास्त दिने अन्तिम मिति:- २०७७ भाद्र ५ गते कार्यालय समय भित्र।
४. आवेदन दस्तुर:- रु १०००।
५. छनौटको किसिम:- प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परिक्षा
६. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयंले प्रमाणीत गरेको देहाय वमोजिम कागजातको प्रतिलिपीहरु
   - नागरिकता
   - न्यूनतम योग्यताको लब्धांक पत्र
   - चारित्रिक प्रमाण पत्र
   - अनुभव खुल्ले कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा:- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रक्रियाको दफा (११), (१२) र (१३) वमोजिम हुनेछ।
८. सम्पादन गर्नुपर्ने कार्यविवरण:- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक पदपूर्ति सम्वन्धि प्रक्रिया को दफा (९) वमोजिम हुनेछ।

***नोट:- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी*** www.pmep.gov.np ***मा उपलब्ध छ।***

..............................
चिरन्जिवी प्रसाद शाह
नि. प्रमुख प्रशासकीय अधिकृत



नि.प्रमुख प्रशासकीय अधिकृत